# बैंक तथा वित्तीय संस्थाले हकप्रद शेयर निष्काशन गर्दा क्रेडिट रेटिङ्ग गर्न नपर्ने सम्बन्धी सूचना

नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्राप्त संस्थाहरुलाई २०७४ असार मसान्तभित्र न्यूनतम पूँजी बृद्धि गरिसक्नुपर्ने गरी निर्देशन दिएको सन्दर्भमा हकप्रद शेयर निष्काशनको लागि क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुटको व्यवस्था गर्न ने.रा. बैंक लगायत अन्य सरोकारवालाहरुले बोर्डलाई अनुरोध गरेकोमा तोकिएको समयमा चुक्ता पूँजी बृद्धि गर्न सहयोग पुग्ने तथा थप हकप्रद शेयर निष्काशनबाट पूँजी बजारको विस्तार तथा विकास समेत हुन जाने कुरालाई दृष्टिगत गरी ने.रा. बैंकले तोकेको अवधि पूरा नभएसम्मका लागि देहायका शर्तहरु पूरा गरेका बैंक तथा वित्तीय संस्थाले निष्काशन गर्ने हकप्रद शेयरलाई बोर्डको क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ को उपनियम (७) बमोजिम क्रेडिट रेटिङ्ग गर्न नपर्ने गरी छुट दिने बोर्डको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) अंकित मूल्यमा हकप्रद शेयर निष्काशन गरेको हुनुपर्ने,
(ख) प्रति शेयर नेटवर्थ रु. १०० भन्दा बढी भएको हुनुपर्ने,
(ग) अंकित मूल्यभन्दा बजार मूल्य बढी भएको हुनुपर्ने,
(घ) विगत पाँच वर्ष देखि संचालनमा रही कम्तीमा तीन वर्ष नाफामा संचालित भएको हुनुपर्नेछ र संचित नोक्सान हुन नहुने,
(ङ) NPA (Non Performing Assets) नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र हुनुपर्ने,
(च) पूँजी बृद्धि गरिएको सम्बन्धमा प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भई कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएको हुनुपर्ने,

**नेपाल धितोपत्र बोर्ड**
**जावलाखेल, ललितपुर**